Laxmi Laghubitta bittiya Sanstha Ltd.
लक्ष्मी लघुवित्त वित्तीय संस्था लि.
(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त लघुवित्त वित्तीय संस्था)
(लक्ष्मी सनराइज बैंक लि. को सहायक कम्पनी)

प.स.एलएक्सएलवि /कस/२०८२/८३/१३६२ मितिः २०८२/०९/०८

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
युएनआई शान्तिमार्ग, भद्रकाली
काठमाडौं, नेपाल ।

**बिषय : १४औं वार्षिक साधारण सभा तथा शेयरधनी दर्ता किताब बन्द सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस वित्तीय संस्थाको मिति २०८२/०९/०७ गते सोमवार अपरान्ह ४:०० बजे बसेको सञ्चालक समितिको १९३औं बैठकले कम्पनीको चौधौं वार्षिक साधारण सभा र शेयरधनी दर्ता किताव बन्दको मिति तपशिल अनुसार गर्ने निर्णय गरेको ब्यहोरा जानकारीको लागि अनुरोध छ । वार्षिक साधारण सभा सम्बन्धी सूचना मिति २०८२ पौष ८ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गरिएको छ। वार्षिक साधारण सभा सम्बन्धी सूचना यसै साथ संलग्न रहेको छ।

साथै, सञ्चालक समितिको निर्णय अनुसार आ.व.२०८१/८२ को लागि शेयरधनीहरुलाई कुनै पनि लाभांश वितरण नगर्ने प्रस्ताव अनुसार नै नेपाल राष्ट्र बैंकबाट साधारण सभा प्रयोजनको लागि वित्तीय विवरण प्रकाशन गर्न स्वीकृति प्राप्त भएको ब्यहोरा समेत अनुरोध छ ।

**तपशिल :**

**साधारण सभाको मिति** : २०८२ पौष २९ गते मंगलवार (तद्नुसार १३ जनवरी,२०२६)

**समय र स्थान** : बिहान ११:०० बजे, अग्रवाल भवन, कमलपोखरी, काठमाडौं ।

**शेयरधनी दर्ता किताव बन्द हुने मिति** : २०८२/०९/१४ गते सोमबार बन्द रहनेछ ।

भवदीय,

..................
(सुन्दर प्रसाद श्रेष्ठ)
प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव

**बोधार्थ :**

१. श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
२. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन बिभाग, बालुवाटार, काठमाडौं ।
३. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त संस्था सुपरिवेक्षण बिभाग, बालुवाटार, काठमाडौं ।
४. श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं ।
५. श्री सिडिएस एण्ड क्लियरिङ्ग लि. पुतलीसडक, काठमाडौं ।
६. श्री लक्ष्मी सनराइज क्यापिटल लि. काठमाडौं ।

केन्द्रीय कार्यालय, कपन मार्ग, महाराजगञ्ज काठमाण्डौ, नेपाल । फोनः ०१४३७३६८२, ४३७३६०४, ईमेलः info@laxmilaghu.com.np
Central Office, Kapan Marg, Maharajgunj, Kathmandu, Nepal. Tel: 01-4373682, 4373604, email: info@laxmilaghu.com.np

"मिति २०८२ साल पौष ८ गते आर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रकाशित"

Laxmi Laghubitta Bittiya Sanstha Limited * लक्ष्मी लघुवित्त वित्तीय संस्था लि.


**Laxmi Laghubitta Bittiya Sanstha Ltd.**

**लक्ष्मी लघुवित्त वित्तीय संस्था लि.**

(लक्ष्मी सनराइज बैंक लि. को सहायक कम्पनी)

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था)

**केन्द्रीय कार्यालय:**
कपन मार्ग, महाराजगंज, काठमाडौं ।
फोन नं.: ०१-४३७३६८२, ०१-४३७३६०४
इमेल: info@laxmilaghu.com.np
वेबसाइट: https://laxmilaghu.com.np


# चौधौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८२/०९/०८)**

श्री शेयरधनी महानुभावहरु,

यस संस्थाको मिति २०८२/०९/०७ गते सोमबार (तदनुसार २२ डिसेम्बर २०२५) मा सम्पन्न सञ्चालक समितिको १९३औं बैठकको निर्णय बमोजिम संस्थाको चौधौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**

मिति : २०८२ पौष २९ गते मंगलबार (तद्नुसार १३ जनवरी, २०२६)

समय : बिहान ११ :०० बजे

स्थान : अग्रवाल भवन कमलपोखरी, काठमाडौं

**छलफलका लागि प्रस्तावित विषयहरु :**

**क) सामान्य प्रस्ताव :**

१) सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यूले प्रस्तुत गर्नु हुने आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारीत गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तको वासलात तथा आ.व. २०८१/८२ को नाफा नोक्सान हिसाब, सोही अवधिको नगद प्रवाह विवरण र सम्बन्धित अनुसूचीहरु छलफल गरी स्वीकृत गर्ने ।

३) वित्तीय संस्थाको लेखापरीक्षण समितिबाट सिफारिस भए बमोजिम आ.व.२०८२/८३ को लागि लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

**ख) बिशेष प्रस्ताव :**

१) लक्ष्मी लघुवित्त वित्तीय संस्थाले अन्य ईजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थालाई गाभ्ने/गाभिने (Merger) वा प्राप्ति (Acquisition) गर्ने प्रयोजनको लागि उपयुक्त लघुवित्त संस्था पहिचान गर्ने, संस्थाको चल अचल सम्पत्ती र दायित्व तथा कारोबारको मूल्यांकन (Due Diligence Audit) गर्न मान्यता प्राप्त मूल्यांकनकर्ता नियुक्त गरी पारिश्रमिक तोक्न तथा सहमतिपत्रमा हस्ताक्षर गर्ने तथा यस सम्बन्धी आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्वन्धी प्रस्ताव पारित गर्ने ।

**ग) विविध**

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

**चौधौं वार्षिक साधारण सभा सम्बन्धी सामान्य जानकारी :**

(१) चौधौं वार्षिक साधारण सभा प्रयोजनको लागि संस्थाको शेयर दाखिल खारेजको काम २०८२ साल पौष १४ गते सोमबार बन्द रहनेछ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८२/०९/१४ गते भन्दा अघिल्लो दिन सम्म कारोबार भई संस्थाको शेयरधनी कितावमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन योग्य हुनेछन् ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित संस्थाको वार्षिक वित्तीय विवरण, सञ्चालक समितिको प्रतिवेदन, कम्पनी ऐन, २०६३ को दफा ७८ बमोजिमको प्रतिवेदन समेतका कागजातहरु संस्थाको केन्द्रीय कार्यालय, महाराजगञ्ज काठमाडौंमा र शेयर रजिष्ट्रार श्री लक्ष्मी सनराइज क्यापिटल लिमिटेड, नयाँबानेश्वर, काठमाडौंमा कार्यालय समय भित्र निरीक्षण गर्न तथा त्यसको प्रतिलिपि माग गरेमा प्रतिलिपि दिने व्यवस्था मिलाईएको छ । वार्षिक प्रतिवेदनको प्रति संस्थाको वेबसाइट https://laxmilaghu.com.np मा समेत उपलब्ध हुनेछ ।

(३) सभामा भाग लिनका लागि प्रतिनिधि (Proxy) नियुक्त गर्न चाहने शेयरधनीहरुले संस्थाको अर्को शेयरधनीलाई प्रतिनिधि नियुक्त गरी सो सम्वन्धी निवेदन सभा सुरु हुनु भन्दा ७२ घण्टा अगावै अर्थात् २०८२/०९/२५ गते बिहान ११ बजे भित्र श्री लक्ष्मी सनराइज क्यापिटल लिमिटेड नयाँ बानेश्वर, काठमाडौंमा दर्ता गराई सक्नु पर्नेछ । प्रतिनिधिपत्र (Proxy Form) प्रचलित कम्पनी कानूनले तोकेको ढांचामा हुनु पर्नेछ ।

(४) कुनै संगठित संस्था वा कम्पनीको प्रतिनिधिले निज संस्थाको शेयरधनी नभए पनि शेयरधनीको हैसियतले सभामा भाग लिन सक्नेछ । यसरी प्रतिनिधि पठाउँदा सभा हुनु भन्दा कम्तीमा ७२ घण्टा अगावै संस्था वा शेयर रजिष्ट्रारलाई लिखित रुपमा जानकारी गराई सक्नुपर्नेछ ।

(५) एक जना शेयरधनीले एक भन्दा बढीलाई प्रतिनिधि (Proxy) मुकरर गरेमा प्रतिनिधि (Proxy) स्वतः बदर हुनेछ । तर प्रतिनिधि (Proxy) दिने शेयरधनीले आफूले अघि दिएको प्रतिनिधि (Proxy) बदर गरेको व्यहोरा स्पष्ट उल्लेख गरी छुट्टै निवेदन दिई अर्को शेयरधनीलाई प्रतिनिधि (Proxy) नियुक्त गरेमा त्यसरी नियुक्त प्रतिनिधि (Proxy) ले सभामा भाग लिन पाउने छ, यस्तो अवस्थामा अघिल्लो प्रतिनिधि (Proxy) स्वतः बदर भएको मानिनेछ ।

(६) प्रतिनिधी मुकरर गर्दा केही शेयर आफैसंग बाँकी राखी आफु समेत साधारण सभामा उपस्थित हुन पाउने किसिमले आंशिक शेयरको प्रतिनिधि मुकरर गर्न पाइने छैन । सबै शेयरका लागि एकै व्यक्तिलाई प्रतिनिधि मुकरर गर्नु पर्दछ । प्रतिनिधि मुकरर गर्ने शेयरधनी स्वयं सभामा उपस्थित भएमा प्रोक्सी स्वतः बदर हुनेछ ।

(७) एक भन्दा बढी व्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता भएको अवस्थामा सर्वसम्मतबाट चयन भएको एक जना प्रतिनिधिले मात्र वा लगत कितावमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन पाउनेछ ।

(८) सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा शेयर प्रमाणपत्र वा शेयरधनी नं. र परिचय खुल्ने कागजात वा वित्तीय संस्थाको शेयर अभौतिकरण गरेको देखिने अभौतिकरण खाता (DMAT Account) को विवरण (BOID Statement) सहित उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । हाजिरी पुस्तिका बिहान ९:३० बजे देखि सभा चालु रहेसम्म खुल्ला रहनेछ ।

(९) साधारण सभा सम्बन्धी विस्तृत विवरण संस्थाको https://laxmilaghu.com.np मा उपलब्ध छ ।